स्थानीय राजपत्र प्रकासन सम्बन्धी कार्यविधि , २०७५ को
अनुसूची-२
(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

# विरुवा गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः ०४ संख्याः ०९ मितिः २०७७।१०।१०**

## भाग-२

## विरुवा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय ,स्याङ्जा

नेपालको संविधानको धारा २२६ को उपधारा (१) बमोजिम मिति २०७७।१०।०८ गते विरुवा गाउँपालिकाको कार्यपालिकाले बनाएको **"विरुवा गाउँपालिकाको खानेपानी मुल दर्ता तथा सरसफाई उपभोक्ता समिति कार्यविधि, २०७७"** सर्वसारधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**प्रस्तावना**

विरुवा गाउँपालिका क्षेत्र भित्र स्वच्छ खानेपानीको पहुँच सबै जनतामा पुर्याउने उदेश्यले स्वच्छ खानेपानीको व्यवस्थापन गर्न खानेपानी तथा सरसफाई उपभोक्ता समितिहरुको स्थापना तथा दर्ता गर्ने सम्बन्धमा व्यवस्था गर्न बाच्छनीय भएकोले नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेको विरुवा गाउँपालिकाको अधिकार क्षेत्र भित्र विरुवा गाउँपालिका खानेपानी मुल दर्ता तथा सरसफाई उपभोक्ता समिति कार्यविधि तयार गर्न आवश्यक देखिएकोले विरुवा गाउँपालिका, गाउँकार्यपालिकाको मिति २०७७/१०/०८ को बैठकले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम **"विरुवा गाउँपालिकाको खानेपानी मुल दर्ता तथा सरसफाई उपभोक्ता समिति कार्यविधि, २०७७"** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:–

(क) “अध्यक्ष” भन्नाले उपभोक्ता समितिको अध्यक्षलाई सम्झनु पर्दछ ।

(ख) “आयोजना” भन्नाले विरुवा गाउँपालिका वा सो अन्तरगतको वडावाट पूर्ण वा आंशिक लागत साझेदारीमा सञ्चालित खानेपानी योजना वा कार्यक्रम वा आयोजना वा परियोजनालाई सम्झनु पर्छ ।

(ग) “उपभोक्ता” भन्नाले खानेपानी मुल तथा आयोजनाबाट प्रत्यक्ष लाभान्वित हुने आयोजना सञ्चालन हुने क्षेत्र भित्रका व्यक्तिलाई जनाउछ ।

(घ) "उपभोक्ता समिति" भन्नाले खानेपानी आयोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि उपभोक्ताले आफूहरू मध्येबाट गठन गरेको समिति सम्झनु पर्दछ ।

(ङ) "कार्यालय" भन्नाले गाउँकार्यपालिकाको कार्यालयलाई बुझाउँछ । सो शब्दले वडा कार्यालय समेतलाई बुझाउनेछ ।

(च) "कार्यपालिका" भन्नाले गाऊँ कार्यपालिकालाई सम्झनु पर्दछ ।

(छ) "पदाधिकारी" भन्नाले उपभोक्ता समितिका अध्यक्ष, उपाध्यक्ष, सचिव र कोषाध्यक्षलाई सम्झनु पर्दछ ।

(ज) "खानेपानी" भन्नाले स्वच्छ पिउने पानी लाई सम्झनु पर्दछ ।

(झ) "वडा" भन्नाले विरुवा गाऊँपालिका भित्रका वडालाई सम्झनु पर्दछ ।

(ञ) "वडा अध्यक्ष" भन्नाले आयोजना सञ्चालन भएको वडाको वडा अध्यक्षलाई सम्झनु पर्दछ ।

(ट) "सदस्य" भन्नाले उपभोक्ता समितिका सदस्यलाई जनाउनेछ र सो शब्दले उपभोक्ता समितिका पदाधिकारीलाई समेत जनाउनेछ ।

(ठ) "सम्झौता"भन्नाले खानेपानी आयोजनाको निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि कार्यालय र उपभोक्ता समितिबीच भएको लिखित करारनामा वा कबुलियतनामालाई जनाउनेछ ।

## परिच्छेद–२

## खानेपानी मुल दर्ता तथा सरसफाई समिति

३. **उपभोक्ता समिति दर्ता गर्नु पर्नेः** (१) स्थानिय स्तरमा व्यक्तिगत वा सामुदायिक रुपमा आफ्नो निमित्त खानेपानी तथा सरसफाई एवं अन्य घरेलु प्रयोगको लागि खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता गर्नुपर्नेछ । यस कार्यविधि बमवजिम दर्ता नगरि कसैले पनस उपभोक्ता समिति स्थापना गर्नु हुदैन ।

४. **खानेपानी मुल दर्ता गर्नुपर्नेः** (१) गाउँपालिका क्षेत्र भित्र खानेपानी उत्पादनको मुख्य श्रोत मुहान(मुल) बाट खानेपानी संकलन गरि खानेपानीको व्यवस्था गर्नु पर्ने अवस्थामा सो मुल अनिवार्य रुपमा दर्ता गर्नु पर्नेछ । सोको लागि आधिकारीक खानेपानी तथा सरसफाई उपभोक्ता समिति समेत दर्ता गर्नु पर्नेछ ।

(२) खानेपानी मुल र खानेपानी तथा सरसफाई उपभोक्ता समितिको दर्ताको लागि अनुसुचि १ बमोजिमको ढाँचामा कार्यालयमा निवेदन दिनु पर्नेछ ।

५. **खानेपानो मुल र खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ताः** (१) खानेपानी मुल र खानेपानी तथा सरसफाई उपभोक्ता समिति दर्ता गर्न चाहेमा विरुवा गाउँपालिका उपभोक्ता समिति गठन सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७७ मा व्यवस्था भए बमोजिमका प्रक्रियाहरु पुरा गरी समिति गठन गरि देहायका विवरणहरु खुलाई समितिको विद्यान १ प्रति र तोकिएको दस्तुर सहित गाउँपालिका अधेयक्ष समक्ष अनुसुचि – १ को ढाँचामा निवेदन दिनुपर्नेछ ।

क) समितिको नाम,ठेगाना

ख) उदेश्यहरु

ग) समितका सदस्यहरुको नाम, ठेगाना, पेशा र नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

घ) कार्यालयको ठेगाना

ङ) समिति संचालनको विधि र प्रक्रिया

(२) उपदफा (१) बमोजिमको निवेदन प्राप्त भएपछि मुल दर्ता गर्न मिल्ने नमिल्ने स्थलगत अनुगमन सहित छानविन गर्न तपशिलको एक समिति रहनेछ ।

१. संयोजकः गाउँपालिका अध्यक्ष
२. सदस्यः गाउँपालिका उपाध्यक्ष
३. सदस्यः सम्वन्धित वडाको अध्यक्ष
४. सदस्यः गाउँपालिका अध्यक्षले तोकेको कार्यपालिका सदस्य वा सम्बन्धित वडाको सदस्य (महिला)
५. सदस्यः प्रमुख प्रशासकीय अधिकृत
६. सदस्यः योजना शाखा प्रमुख
७. सदस्य सचिवः प्रशासन शाखा प्रमुख

(३) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि उपदफा (२) को समितिको निर्णयनुसार प्रमुख प्रशासकीय अधिकृतले आवश्यक जाचबुझ गरी समिति दर्ता गर्न उचित ठानेमा समिति दर्ता गरी प्रमाणपत्र दिनुपर्नेछ ।

(४) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि उपदफा (२) को समिति निर्णय गर्नु पुर्व कार्यालयले ३५ दिने सावर्जनिक दावि विरोधको सुचना प्रकाशन गर्नुपर्नेछ ।

(५) प्रमुख प्रशासकीय अधिकृतले कुनै समिति दर्ता नगर्ने निर्णय गरेमा त्यसको सूचना निवेदकलाई दिनु पर्नेछ र सो बारे निवेदकलाई चित्त नबुझेमा निवेदकले सूचना प्राप्त गरेको ३५ (पैतिस) दिन भित्र त्यस्तो निर्णय उपर कार्यपालिका समक्ष उजुरी गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिमको उजुरी प्राप्त भएपछि कार्यपालिकाले आवश्यक जाँचबुझ गरी त्यस्तो समिति दर्ता गर्न मानसिव ठहरिएमा सो समिति दर्ता गर्न प्रमुख प्रशासकीय अधिकृतलाई आदेश दिन सक्नेछ र सो आदेश प्राप्त गरेमा प्रमुख

प्रशासकीय अधिकृतले समिति दर्ता गर्नु पर्नेछ । यस दफा अन्तर्गत दिईने प्रमाणपत्रको ढाँचा अनुसुचि २ बमोजिम हुनेछ ।

(७) दर्ता भएको समिति प्रत्येक आर्थिक बर्ष समाप्त भएको तीन महिना भित्र नविकरण गर्नु पर्नेछ । दर्ता दस्तुर रु १,०००।- एक हजार ) नविकरण दस्तुर वार्षिक रु. ५००।- पाँच सय) तिर्न पर्नेछ । समितिले समयमा नविकरण नगरेमा जरिवाना दस्तुर प्रति महिना रु.२००।- (एक सय रुपैयाँ) थप लाग्नेछ ।

६. **समिति संगठित मानिनेः** (१) यस कार्यविधि अन्तर्गत दर्ता भएको समिति अविछिन्न उत्तराधिकारवाला स्वशासित र संगठित समिति हुनेछ । सो समितिको सबै कामको निमित्त आफ्नो एउटा छुट्टै छाप हुनेछ ।

(२) समितिले ब्याक्ति सरह आफ्नो नामबाट नालिस उजुर गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजुर लाग्नेछ ।

७. **संस्थाको सम्पत्तीः** (१) समितिको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले समितिको विधान विरुद्ध संस्थाको कुनै सम्पत्ती दुरुपयोग गरेमा कब्जा गरेमा वा रोक्का राखेमा गाउँपालिकाले त्यस्तो सम्पत्ती दुरुपयोग गर्ने कब्जा वा रोक्का राख्नेबाट लिई समितिलाई फिर्ता बुझाईदिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको समितिको सम्पत्ती फिर्ता गर्ने गरी गाउँपालिकाले गरेको कारबाहीमा चित्त नबुझ्ने व्यक्तिले सम्बन्धित अदालतमा उजुर गर्न सक्नेछ ।

(३) समितिको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले समितिको कुनै सम्पत्ती वा लिखत वा प्रतिष्ठा विरुद्ध कुनै अपराध वा विराम गरेमा समिति वा समितिको कुनै सदस्य उपर प्रचलित कानुन बमोजिम गाउँपालिकाले कारवाही चलाउन सक्नेछ

। त्यस्ता व्यक्तिहरुलाई गाउँपालिकाबाट प्राप्त गर्ने सेवा सुविधाबाट बञ्चित गर्न सकिनेछ ।

८. **यस अघि दर्ता भई वा नभई स्थापना भएका समितिले दर्ता गर्नेः** (१) यो कार्यविधि प्रारम्भ हुनु भन्दा अघि तत्काल प्रचलित कानुन बमोजिम दर्ता भइ वा नभई स्थापना भईरहेका समितिले पनि यो कार्यविधि प्रारम्भ भएको मितिले ६ (छ) महिनाभित्र यो कार्यविधि बमोजिम सुचिकृत गराउनु पर्नेछ । सूचिकृत दर्ता हुनको लागि गत आ.व. सम्मको लेखा परिक्षण प्रतिवेदन र साधारण सभाको निर्णय अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।

९. **समितिको उदेश्यहरुमा हेरफेरः** (१) समितिको उदेश्यहरुमा हेरफेर गर्न आवश्यक देखेमा वा सो समितिलाई कुनै अर्को समितिमा गाभ्न उचित देखेमा सो समितिले तत् सम्बन्धी प्रस्ताव तयार पारी सो प्रस्ताव उपर छलफल गर्न समितिको विधान बमोजिम साधारणसभा बोलाउनु पर्नेछ ।

(२) साधारणसभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दुई तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारणसभाबाट पारित भएको मानिनेछ । तर सो प्रस्ताव लागु गर्न गाउँपालिकाको पूर्व स्वीकृत लिनु पर्नेछ ।

१०. **समितिको वर्गिकरणः** (१) दर्ता अनुमति प्राप्त गरी गाउँपालिका क्षेत्र भित्र संचालनमा रहेका खानेपानी तथा सरसफाइ उपभोक्ता समिति हरुको व्यवस्थापन बाट खानेपानी उपलब्ध गराउने उपभोक्ता सदस्य संख्याको आधारमा निम्न अनुसार उपभोक्ता समितिको वर्गिकरण हुनेछ ।

१) ५०१ जना वा सो भन्दा बढि उपभोक्ता सदस्य भएको (क वर्ग)

२) २०१ देखि ५०० जना उपभोक्ता सदस्य भएको (ख वर्ग)

३) १०० जना सम्म उपभोक्ता सदस्य भएको (ग वर्ग)

**११. तदर्थ समिति गठन गर्न सकिनेः-** (१) यस अघि दर्ता स्वीकृती प्राप्त गरी सञ्चालनमा रहेका र नयाँ अनुमति प्राप्त गरी स्थापना हुने उपभोक्ता समितिहरुले तोकीए बमोजिम ६ महिनाभित्र साधारण सभा गरी उपभोक्ता समिति गठन प्रकृया पुरा गाउँमा त्यस्ता तदर्थ समिति वा अवधी पुरा भएका उपभोक्ता समितिहरुलाई विघटन गरी संचालन नियमीत गर्न गाउँपालिका तर्फबाट सम्बन्धी उपभोक्ता सदस्यहरु मध्येबाट तदर्थ समिति गठन गरी साधारण सभा समेतका आवश्यक प्रकृया काम कारवाही गरी गराई व्यवस्थापन गर्न सकिनेछ ।

**१२. संघ गठन गर्न सकिनेः –** (१) दर्ता स्वीकृती प्राप्त गरी गाउँपालिका क्षेत्र भित्र संचालनमा रहेका खानेपानी तथा सरसफाइ उपभोक्ता समितिहरु मध्येबाट एक उपभोक्ता समितिलाई एक सदस्य मानी गाउँपालिका स्तरिय खानेपानी तथा सरसफाई उपभोक्ता संघ गठन गरी सोही संघको प्रत्यक्ष रेखदेख सहयोग मातहतमा अन्य सम्पुर्ण उपभोक्ता समितिहरुलाई व्यवस्थित रूपमा संचालन गरीनेछ ।

**१३. हिसाबको विवरण पठाउनु पर्नेः** (१) उपभोक्ता समितिले आफ्नो समितिको हिसावको विवरण लेखा परीक्षकको प्रतिबेदन सहित प्रत्येक वर्ष गाउँपालिकामा पठाउनु पर्नेछ ।

१४. **हिसाब जाँच गर्नेः** (१) प्रमुख प्रशासकीय अधिकृतले आवश्यक देखेमा समितिको हिसाव आफुले नियुक्ति गरेको कुनै अधिकार द्वारा जांच गराउन सक्नेछ ।

(२) हिसाब जाँच गर्ने अधिकार मागेको विवरण तथा कागजातहरु वा सोधेको प्रश्नको जवाफ दिनु समितिको पदाधिकारी सदस्य र कर्मचारीको कर्तव्य हुनेछ ।

(३) हिसाब जाँच गर्ने अधिकृतले गाउँपालिकाले तोकिदिएको म्याद भिम हिसाब जाँचको प्रतिवेदन गाउँपालिका समक्ष पेश गर्नु पर्नेछ र सो प्रतिवेदनको आधारमा समितिको कुनै सम्पत्ती सो संस्थाको कुनै पदाधिकारी सदस्य वा कर्मचारीले हिनामिना गरेको नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने

गाउँपालिकालाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी असूल गर्न प्रचलित कानुन बमोजिम कारबाही चलाउन सक्नेछ । तर प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानून बमोजिम मुद्धा चलाउन सक्ने छ ।

**१५. निर्देशन दिनेः** (१) गाउँपालिकाले समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित समितिको कर्तव्य हुनेछ ।

**१६. दण्ड सजायः** (१) दफा (४) बमोजिम दर्ता भई समिति स्थापना गरेमा वा दफा (५) बमोजिम दर्ता नगरी समिति संचालन गरेमा त्यस्ता समितिका सदस्यहरु बाट गाउँपालिकाले जनही एक हजार रुपैया सम्म जरिवाना गर्न सक्ने छ ।

(२) दफा (१३) बमोजिम हिसाबको विवरण नपठाएमा समितिका सदस्यहरु बाट गाउँपालिकाले जनही एक हजार रुपैयासम्म जरिवाना गर्न सक्नेछ । तर कुनै सदस्यले दफा (१३) उल्लघंन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोष हुने प्रमाण पेश गर्न सकेमा निजलाई सजाय गरिने छैन ।

(३) दफा (१४) को उपदफा (१) बमोजिम हिसाब जाँच गर्ने सम्बन्धित अधिकृतले मागेको विवरण तथा कागज पत्र वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा कर्मचारीलाई गाउँपालिकाले एक हजार रुपैया सम्म जनही जरिवाना गर्न सक्नेछ ।

(४) दफा (९) बमोजिम गाउँपालिकाको स्वीकृति नलिई समितिको उदेश्यमा हेरफेर गरेमा वा अर्को समितिसित गाभेमा वा समितिले आफ्नो उदेश्यको प्रतिकूल हुने गरी काम कारवाही गरेमा वा गाउँपालिकाले दिएको निर्देशन पालनी गाउँमा-प्रमुख प्रशासकीय अधिकृतले त्यस्तो समितिको दर्ता निलम्बन गर्न वा खारेज गर्न सक्नेछ ।

**१७. पुनरावेदनः** (१) दफा (१६) को उपदफा (४) बमोजिम प्रमुख प्रशासकीय अधिकृतले गरेको अन्तिम निर्णय उपर पैतिस दिन भित्र सम्वन्धित जिल्ला अदालतमा पुनरावेदन लाग्ने छ ।

**१८. समितिको विघटन वा त्यस्को परिणामः** (१) समितिको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारणवश समिति विघटन भएमा त्यस्तो समितिको सम्पूर्ण जायजेथा गाउँपालिकामा सर्नेछ ।

(२) उपदफा (१) बमोजिम विघटन भएको समितिको दायित्वको हकमा सो समितिको जायजेथाले भ्याए सम्म त्यस्तो दायित्व गाउँपालिकाले व्यहोर्ने छ ।

(३) उपदफा (१) बमोजिम विघटन भएको समितिको दायित्व समितिको जायजेथाले नभ्याएमा नपुग दायित्व समितिका पदाधिकारीको जायजेथाबाट प्रचलित कानुन अनुरुप असुल उपर गरिनेछ ।

**१९. नियम बनाउने अधिकारः** यस कार्यविधिको उदेश्य कार्यान्वयन गर्न गाउँपालिकाले नियम बनाउन सक्नेछ ।

**२०. विघटन तथा संचालनः** समितिले आफ्नो विधान अनुसारको तोकिएको समयावधि भित्रमा नयाँ कार्यसमिति चयन हुन नसकेमा उक्त कार्यसमितिको स्वतः विघटन भएको मानी अर्को कार्यसमिति चयन नभए सम्म गाउँपालिकाले तोकेको तदर्थ समितिबाट समिति संचालन गर्नेछ ।

**२१. खारेजी र बचाउः** खानेपानी उपभोक्ता समिति व्यवस्थापन कार्यविधि लागु हुनु पूर्व जलस्रोत ऐन २०४९ अन्तर्गत दर्ता भएका समिति यसै कार्यविधि बमोजिम दर्ता भए सरह मानिनेछ ।

## अनुसुची १

दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

<u>निवेदन पत्र को ढाँचा</u>

मितिः

श्रीमान् गाउँपालिका अध्यक्ष ज्यू,

विरुवा गाउँपालिका, स्याङ्जा ।

महोदय,

हामीले ........................................................................उपभोक्ता संस्था गठन गरी दर्ता गराउन चाहेकोले खानेपानी तथा सरसफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि २०७७ दफा (५) को उपदफा (१) बमोजिम उपभोक्ता संस्था दर्ता गराउन देहायको विवरण खुलाई प्रस्तावित उपभोक्ता संस्थाको एकप्रति विधान र एक हजार रुपैयाँ दस्तुर सहित दरखास्त दिएका छौं ।

**विवरणः**

१. उपभोक्ता संस्थाको नामः

२. कार्यक्षेत्र

३. उद्देश्यहरू

(क)

(ख)

४. सदस्यहरूको नाम ठेगाना पेशा र ना.प्र.प.नं.

(क)

(ख)

५. उपयोग गर्ने जल स्रोत का विवरणः

क) जल स्रोत का नाम र रहेको ठाउ

ख) जलस्रोतबाट गरिने प्रयोगः

ग) उपभोक्ता संस्थाले उपयोग गर्न चाहेको जलस्रोत को प्रणाम:

घ) उक्त जलस्रोत को हाल भैरहेको उपयोगः

६. उपभोक्ता संस्था पुर्याउन चाहेको सेवा सम्बन्धी विवरण

क) सेवाको किसिम

ख) सेवा पुथ्याउने क्षेत्रः ग) सेवाबाट लाभान्वित हुने उपभोक्ता हरुको संख्याः

घ) भविष्यमा सेवा विस्तार गर्न सकिने सम्भावनाः

७. आर्थिक स्रोतको विवरणः

८. कार्यालयको ठेगानाः

निवेदक उपभोक्ता संस्थाको तर्फबाट दरखास्त दिनेको
सही
नामः
पदः
ठेगानाः

## अनुसुची-२

**(दफा ५ को उपदफा ६ सँग सम्बन्धित)**

**उपभोक्ता संस्था दर्ता प्रमाणपत्र**

**विरुवा गाउँपालिका**

**गाउँ कार्यपालिकाको कार्यालय**

दर्ता नं.

मितिः........................

श्री ..................................................,

विरुवा गाउँपालिका वडा नं...., ................. स्याङ्जा ।

विरुवा गाउँपालिकाको खानेपानी मुल दर्ता तथा सरफाई उपभोक्ता समिति व्यवस्थापन कार्यविधि २०७७ को दफा (५) को उपदफा (६) बमोजिम...................साल....................महिना.. गतेमा यस कार्यालयमा दर्ता गरी यो दर्ता प्रमाणपत्र प्रदान गरिएको छ खानेपानी मुल दर्ता तथा सरफाई उपभोक्ता समिति कार्यविधि, २०७७ बमोजिम आफ्नो कार्य संचालन गर्नु होला ।

प्रमाणिक गर्नेकोः<br>
दस्तखतः<br>
नाम थरः<br>
दर्जाः<br>
कार्यालयको छापः

आज्ञाले<br>
कुलराज सुवेदी<br>
प्रमुख प्रशासकीय अधिकृत